स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दशैंमा रिलिज भएको फिल्म '१२ गाउँबाट 'एक्सन स्टार'नका कारण पनि फिल्मलाई लिएर दर्शकको एउटा तप्का अधैर्य देखिन्छ। एक्सन प्रधान रहेको 'बलिदान'मा दक्षिण भारतका एक्सन निर्देशक स्टन्डर सामको नेतृत्वमा करिब ३० जनाको टोलीले अत्याधुनिक प्रविधिको प्रयोग गर्दै एक्सन दृश्य तयार गरिरहेको छ। नेपालको भूमिमा भइरहेको शोषण र अन्यायविरुद्धको संघर्षमा फिल्म आधारित छ।

आजको विचार...



श्रीमननारायण

भारतका...
(दुई पेजमा)

पछिल्लो समय फिल्मको व्यवसाय राम्रो भइरहेको छ। एकपछि अर्को गर्दै फिल्मले राम्रो कमाउन थालेका छन्। केही समयदेखि फिल्मको व्यवसाय राम्रो बनिरहँदा गत शुक्रबार रिलिज भएको फिल्म 'तेल भिसा' र 'अग्निदहन' पनि राम्रो हुने अपेक्षा गरिएको थियो। विषयवस्तुको हिसाबले राम्रो मानिएका यी दुई फिल्मका इनिसियल व्यापार अपेक्षित हुन सकेन। फिल्ममा दर्शकको उछाल नदेखिए पनि प्रतिक्रिया राम्रो मिलेको छ।



❐ वर्ष ३० ❐ अंक १२२ ❐ २०८१ मंसिर १० गते सोमबार 25 November 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पाकिस्तानमा तीन दिनमा ८२ को मृत्यु

(रासस/एएफपी)

**पेशावर,** मंसिर ९/पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा तीन दिनदेखि चलेको साम्प्रदायिक भिडन्तमा कम्तीमा ८२ जनाको मृत्यु हुनुका साथै १५६ जना घाइते भएका एक स्थानीय अधिकारीले आइतबार बताएका छन् । पाकिस्तान सुन्नी बहुल देश हो तर अफगानिस्तानको सीमा नजिकै रहेको खैबर पख्तुनख्वा प्रान्तको कुर्रम जिल्लामा शिया समुदायको बाहुल्यता छ र यो समुदाय दशकौंदेखि शुन्नी बहुसङ्ख्यक पाकिस्तानीको निशाना हुने गरेको छ । गत हप्ता प्रहरीको सुरक्षामा यात्रा गरिरहेका शिया मुसलमानका दुई छुट्टाछुट्टै समूहमाथि गत बिहीबार आक्रमण हुँदा कम्तीमा ४३ जनाको मृत्यु हुनुका साथै दुई दिनसम्म सशस्त्र झडप भएको थियो । 'नोभेम्बर २१, २२ र २३ मा भएको झडप र प्रहरीका गाडीलाई लक्षित गरी गरिएका आक्रमणमा परी ८२ जनाको मृत्यु भएको छ भने १५६ जना घाइते भएका छन्,' स्थानीय प्रशासनका एक अधिकारीले नाम नबताउने शर्तमा भने । 'मृत्यु हुनेमा १६ जना सुन्नी र ६६ जना शिया समुदायका व्यक्ति रहेका छन्,' शनिबार रातिसम्म पनि हल्का र गह्रौं हतियारसहित गोली हानाहान जारी रहेपछि करिब ३०० परिवार घर छोडी भागेका थिए ।

### लैंगिक हिंसा विरुद्वको १६ दिने अभियान सुरु

# हिंसा अन्त्यको बाधक राजनीतिक संरक्षण

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर ९/लैंगिक हिंसा विरुद्वको विश्वव्यापी १६ दिने अभियान आजदेखि सुरु भएको छ । संयुक्त राष्ट्रसंघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म नेपालसहित विश्वभर लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन हुँदै आएको हो ।

**"Towards 30 Years of the Beijing Declaration and Platform for ActionM UNiTE to End Violence against Women"** अन्तराष्ट्रिय र "हामी सबैको प्रतिबद्धता : लैंगिक हिंसा अन्त्यको लागि एक्यबद्धता" भन्ने राष्ट्रिय नाराका साथ अभियान चलाइँदैछ ।

महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि विभिन्न सरकारी निकाय, सामाजिक संघ संस्था, नागरिक समाज तथा महिला अधिकारकर्मीले विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गर्दै छन् । अभियानको उद्देश्य समाजमा हुने लैङ्गिक हिंसाका घटनालाई नियन्त्रण गर्नु हो ।



तर राजनीतिक संरक्षणका कारण दिनप्रतिदिन लैङ्गिक हिंसाका घटना बढिरहेका छन् । दिनहुँ भइरहेका महिला हिंसाका घटनालाई यस्ता अभियानले छुन सकेको छैन । यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसाबाट बढी मात्रामा बालिका, किशोरी तथा महिला प्रभावित बनिरहेका छन् । नेपालमा अहिले पनि कैयौं महिलाले गर्भपतन, बालविवाह, बहुविवाह, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारीका नाममा हुने महिला एवं किशोरीको तस्करीलगायत लैङ्गिकतामा आधारित हिंसा भोग्नु परेको छ ।लैंङ्गिक हिंसाका घटनाहरुमा पीडकलाई राजनीतिक दल र नेताहरुले संरक्षण गरिदिँदा यस्ता हिंसाहरुले थप प्रश्रय पाइरहेका छन् ।

अधिकांश घटनामा राजनीतिक दलका कार्यकर्ता नै संलग्न हुँदा पीडितले न्याय पाउन सकेका छैनन् । कतिपय घटनामा त राजनीतिक दल र जनप्रतिनिधिहरु नै संलग्न हुने गरेको पाइन्छ । जसले गर्दा हिंसामा परेका महिलाहरुले न्याय पाउनुको सट्टा थप पीडा भोग्न बाध्य हुनु परेको छ । समाजमा हुने हरेक हिंसाका घटनामा राजनीतिक संरक्षण हुने गरेको काठमाडौंमा रहेर महिला अधिकारकर्मीको क्षेत्रमा काम गर्दै आएकी सावित्रा गौतमले बताईन । उनले भनिन् 'घर, परिवार र समाजमा कुनै महिला हिंसामा परेकी हुन्छिन् तर उनलाई न्याय माग्न जाने ठाउँसम्म थाहा छैन्, यदि थाहा भइहाले पनि गाउँमै राजनीतिक दलहरुले न्यायको ढोकासम्म पुग्न दिदैंनन् । उनीहरुले पीडकलाई नै जोगाउन लागि पर्छन् ।' राजनीतिक दलहरु नै हिंसा अन्त्यको बाधक बन्ने गरेको गौतमको भनाई छ । हत्या हिंसामा संलग्न व्यक्तिहरुलाई राजनीतिक दवाबका कारण प्रहरीले समेत उन्मुक्ति दिने गरेको अर्की महिला अधिकारकर्मी गंगा पौड्याल बाताउँछिन् ।उनले कतिपय केसहरु गाउँघरमै दवाउन खोज्ने र जनतन प्रहरी समक्ष पुगेका केसहरुलाई समेत राजनीतिक आडमा विना कारवाही छोड्ने गर्दा हिंसाका घटनाहरुमा कमी आउनुको सट्टा थप बढ्दै गएको बताइन् । हिंसात्मक घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउनुको सट्टा संरक्षण र उन्मुक्ति हुने गरी भएका गतिविधिले न्यायप्रणालीको मर्म नै मर्ने जोखिम बढेको पौड्यालको भनाई छ ।

प्रत्येक वर्ष महिला हिंसाविरुद्धको दिवसमा सरकारले विभिन्न प्रतिवद्धता जाहेर गरे पनि महिला हिंसाको अवस्था भने ज्यूँका त्यूँ छन् । अझै पनि महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक रूपले विभेदीकरणमा परेका छन् भने शारीरिक र यौनिक हिंसाका शिकार भैरहेका छन् ।

## लैङ्गिक हिंसाबाट सचेत बनौं

शारीरिक हिंसा :

- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घर बाट निकाला गर्ने,

मानसिक हिंसा :

- गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने,

यौनजन्य हिंसा :

- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहब्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन्, यस्ता घटना बिरूद्ध सचेत होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु

**पाल्पा,** मंसिर ९/देशका विभिन्न स्थानमा भएका घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, दैलेख, सिन्धुली, सर्लाही र धनुषामा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको हो ।

सवारी दुर्घटनाबाट तीन जनाको मृत्यु भएको छ भने दुई जनाको मृत अवस्थामा शव फेला परेको छ । कपिलवस्तुको कपिलवस्तु नगरपालिका-१ बहादुरगंज चोकस्थित सडक छेउमा एक जनाको शव फेला परेको छ । बुद्धभुमी नगरपालिका-१० का ७३ वर्षीय विपस मल्लाहको मृत अवस्थामा शव फेला परेको हो । यस्तै धनुषाको कमला नगरपालिका-२ र जनकनन्दनी गाउँपालिका-४ को सिमानास्थित आमा खोलाको किनार छेउमा अर्को एक महिलाको शव फेला परेको प्रहरीले जनाएको छ । हाल नाम, थर, वतन नखुलेकी अन्दाजी १९ वर्षीया महिला मृत अवस्थामा फेला परेकी हुन् । यस्तै दैलेखको गुराँस गाउँपालिका-४ चिसापानीस्थित सडकमा मोटरसाइकल



दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । क.प्र.०२-००२ प ३२५९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना हुँदा चालक सोही गाउँपालिका-४ बस्ने २६ वर्षीय उपेन्द्र शाहीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । सर्लाहीको बागमती नगरपालिका-११ स्थित सडकमा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ । बा.प्र.०२-०४५ प ३०४८ नम्बरको मोटरसाइकलको ठक्करबाट सोही नगरपालिका-११ स्कुल टोल बस्ने ५५ वर्षीय शिव थापाको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको नमुना अस्पताल हरिवनमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै सिन्धुलीको कमलामाई नगरपालिका-९ ईनारपानीस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ना.४७ प ६४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरी बर्दीबास नगरपालिका-२ हंकङडाँडा बस्ने २५ वर्षीय नारायण श्रेष्ठको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल सिन्धुलीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उल्लेखित घटनाका वियषमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## महिला हिंसा अन्त्य दिवस र यसको सार्थकता

**आजबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा विश्वभर मनाइने गरिएको छ । नेपालमा पनि २०५४ सालदेखि लैङ्गिक हिंसाविरुद्ध विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउन सुरु गरिएको हो । तर वर्षौंदेखि यो अभियान सञ्चालन भए तापनि हिंसा भने ज्यूँका त्यूँ नै छ । महिला माथि शारीरिक, मानसिक र संवेगात्मक रूपमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्नु हिंसा हो । सामान्य अर्थमा हिंसा भनेको कुट्नु, पिट्नु वा ज्यान मार्नु मात्रै होइन, बोली( व्यवहारबाट पनि कसैको भावनामाथि चोट पुऱ्याउने कार्य हिंसा हो । हिंसा कुनै व्यक्ति वा समुदायमार्फत अर्को कुनै व्यक्ति वा समुदायमा हुन सक्छ । यस्ता हिंसामा महिला बढी पीडित छन् । उनीहरुले समाजमा प्राचीनकालदेखि नै विभिन्न हिंसाको सामाना गर्नुपरेको छ । संस्कृति र परम्पराका नाममा युगौंदेखि महिलाहरू नै पीडित हुँदै आएका छन् । आफ्नो पहिचान, आत्मसम्मान र स्वतन्त्र भई जीवन बाँच्न पाउनु महिलाको नैसर्गिक अधिकार हो ।**

**हिंसा कसैउपर पनि हुनु व्यक्तिको मानव अधिकारको हनन् हो । प्रत्येक व्यक्तिको मानव अधिकार र स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्नु सरकारको दायित्व हो । तर यस तर्फ सरकारले ध्यान नै दिएको छैन । महिला हिंसा अन्त्यका लागि घर र महिलाबाटै अभियान सुरु गर्नुपर्छ । त्यसो गर्न सकियो भने मात्र केही हदसम्म भए पनि महिलाप्रतिको हिंसा अन्त्य गर्न सक्छौं । तर त्यसतर्फ कोही पनि लागेको पाइदैन । वर्षको एक पटक सामन्य रुपमा महिलामाथि हुने हिंसाविरुद्ध दिवस मनाउने गरिन्छ तर त्यो औपचारिकतामा मात्र सिमिति बन्न पुगेको छ । वास्तविक हिंसामा परेका महिलाहरुलाई यो दिवसले छुन सकेको छ । हिंसामा परेका महिलाहरु यो दिवसप्रति बेखबर छन् । साच्चिकै महिला हिंसाविरुद्धको दिवस हो भने वास्तविक हिंसामा परेका महिलाहरुलाई अभियानमा समेटिनुपर्छ । यसो भयो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।**

### Opinion @ Social Network

सबै भन्दा ठूलो पाठशाला त अभाव हो जसले
जिन्दगी भन्ने बिषयमा डिस्टिङसन ल्याउन सिकाउछ ।
*(शोभा पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/Sova.Pk)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भारतका स्थल सेनाध्यक्षको नेपाल–भ्रमण



**श्रीमननारायण**

नेपाल र भारतबीच परम्परागत बहुआयामिक सम्बन्ध रहिआएको छ । आर्थिक, सामाजिक एवं सांस्कृतिक सम्बन्धको प्रगाढताका कारण यी दुई देश एकअर्काका निम्ति अभिन्न छन् । जनस्तरमा स्थापित सम्बन्धको प्रगाढताका कारण नेपाल-भारतबीच क्रान्तिको सम्बन्ध स्वत: कायम हुनगएको छ । भारतको स्वतन्त्रता आन्दोलनमा नेपालीहरूको सहयोग एवं सक्रियता तथा नेपालको राजनीतिक परिवर्तनमा भारतको सहयोग यसका उदाहरण हुन् । उपरोक्त सम्बन्धहरूका साथै नेपाल- भारतबीच प्रगाढ सैनिक सम्बन्ध रहेको यथार्थलाई पनि बिर्सन सकिँदैन । नेपाल-भारतले एकअर्का देशका प्रधानसेनापतिलाई 'मानार्थ सेनापति' को दर्ज्यानी चिफन प्रदान गर्ने परम्परा रहिआएको छ । दक्षिणी छिमेकी भारतका स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको 'मानार्थ महारथी' को सम्मान प्रदान गरिनु यसैको उदाहरण हो । दक्षिणी छिमेकी भारतका स्थल सेनाध्यक्ष नेपालको पाँच दिवसीय मैत्रीपूर्ण भ्रमणमा नेपाल आएका छन् । उनको यस भ्रमणले दुई देशबीचको सैन्य सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै परस्पर विश्वासलाई बढाउने निश्चित छ । नेपाल-भारतबीच सन् १९५० देखि एकअर्कोदेशका सेना प्रमुखलाई 'मानार्थ महारथी' को दर्ज्यानी चिफन प्रदान गर्ने परम्परा छ । छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्द्रता कायम राख्न एउटा महत्वपूर्ण कडीका रूपमा भूमिका खेल्ने विश्वास गरिन्छ । सम्बन्धको संवेदनशीलता र महत्व राजनीतिभन्दा अलग छ । यो सम्बन्ध धेरै अघिदेखिको हो । पहिलो र दोस्रो विश्वयुद्धदेखि नै नेपाली युवाले गोर्खा सैनिकमा भर्ना भई योगदान दिइरहेका छन् । विगतमा भारतीय सेनाले नेपाली सेनाको संगठन पुन:संरचना सघाएदेखि दुई देशबीचको सम्बन्धमा कहिल्यै चिसोपना देखिएन । विसं २०७२ सालमा नेपालमा आएको महाभूकम्प पश्चात् खोजी, उद्दार र राहतका लागि हेलिकप्टरसहितको जनशक्तिको सहयोग नेपाललाई प्राप्त भएको थियो । भूकम्पका कारण क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणमा भारत सरकारले ठूलो सहयोग गरेको हो । विसं २०७२ सालमा मधेस आन्दोलनका कारण सिमानाका अवरुद्ध हुँदा सीमा खुलाउने विषयमा पनि नेपाललाई सहयोग प्राप्त भएकै हो । राजनीतिक क्षेत्रबाट कुनै प्रश्न उठेमा सैनिक कूटनीतिका माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ भने उदाहरणको रूपमा पनि यसलाई लिन सकिन्छ । भारतमा कार्यरत गोरखा सैनिक हाम्रो निम्ति एक किसिमले कूटनीतिक दूत हुन् । नेपाल-भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध, सैनिक कूटनीतिकका क्षेत्रमा संसारका लागि एउटा सशक्त उदाहरण बनेको छ । नेपाल- भारतबीच सैनिक सम्बन्धमात्र नभई समानखाले सामाजिक, सांस्कृतिक, धार्मिक भाषिक, भौगोलिक अवस्थाले जनस्तरमा समेत गहिरो र विशिष्ट सम्बन्ध छ । यसले एकअर्काबीचमा सहयोग, सम्बन्ध र सम्पर्कलाई बलियो तुल्याएको छ । दुवै राष्ट्रका सैनिक संठनबीच विभिन्न तहमा तालिम, अभ्यास, भ्रमण आदान-प्रदान निरन्तर हुँदैआएका छन् । नेपाली फौज भारतमा र भारतीय फौज नेपालमा आएर गरिँदै आएको संयुक्त अभ्यासले विश्वमा विकास भइरहेको सैनिक रणनीति तथा अनुभव र ज्ञानको आदानप्रदानमा पनि योगदान पुऱ्याएको छ । भारतीय सेनामा नेपाली युवा कार्यरत रहनुले जनस्तरमा एक किसिमको आत्मीयता रहेको छ । यसले नेपाल-भारतबीच जनस्तरमा विशिष्ट तथा माथिल्लो स्तरको सम्बन्ध कायम राख्न मलजल गरेको छ । सैनिक संठनबीचको सम्बन्धलाई फलदायी बनाएको छ । प्राकृतिक विपत्ति र प्रकोपका समयमा तत्कालै सहयोग भारतबाट प्राप्त भइरहेको छ । आणविक शक्ति सम्पन्न भारत अहिले आधुनिक हात हतियारले सुसज्जित विश्वको प्रमुख शक्तिशाली राष्ट्रहरूमध्येको एक हो ।

*नेपाल-भारतबीच सन् १९५० पछि एकअर्का देशका सैनिक प्रमुखलाई मानार्थ महारथीबाट विभुषित गर्ने परम्परालाई विश्वका अन्य कतिपय देशहरूले पनि छिमेकीबीचको असल अभ्यासको रुपमा हेर्ने गरेका छन् । छिमेकीबीचमा अटल सैनिक सम्बन्ध विस्तारमा यस्तो संस्कृतिको ठूलो भूमिका हुने गर्दछ । आपसी सहमतिमा नेपाली सेनालाई क्षमता अभिवृद्धिका लागि तालिम र भौतिक सामग्री बेग्लै विधिद्वारा उपलब्ध गराउँदै आएको छ । नेपाली सेनालाई आवश्यक पर्ने सैन्य रणकौशल, अप्रेसनल र रणनीतिक तहका व्यावसायिक तालिममध्ये राष्ट्रिय प्रतिरक्षा तालिममा भारतले उपलब्ध गराउने कोटामा नेपाललाई प्राथमिकता दिँदै आएको छ । नेपाल-भारतीय सेनाबीचको सहकार्यलाई अघि बढाउने सन्दर्भमा दुवै मुलुकबीच नियमित बैठक हुँदै आएका छन् । नियमित रूपमा एकअर्का देशमा हुँदैआएको 'अभ्यास सूर्य किरणले' पछिल्ला वर्षमा सैनिक संगठनबीचको सम्बन्ध सुदृढ तुल्याउन कोशेढुंगाको काम गरेको छ । दुवै देशका सैनिक सम्मिलित 'माउण्ट एभरेष्ट' आरोहण पनि विगतमा भएको थियो । दुई देशका सैनिकबीचको निरन्तर सम्पर्क, भ्रमणको आदानप्रदान र सहकार्यले आपसी सम्बन्धलाई थप प्रगाढ बनाउने गरेको छ । भूकम्पका कारण क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणमा भारत सरकारले ठूलो सहयोग गरेको हो । विसं २०७२ सालमा मधेस आन्दोलनका कारण सिमानाका अवरुद्ध हुँदा सीमा खुलाउने विषयमा पनि नेपाललाई सहयोग प्राप्त भएकै हो । राजनीतिक क्षेत्रबाट कुनै प्रश्न उठेमा सैनिक कूटनीतिका माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ भने उदाहरणको रूपमा पनि यसलाई लिन सकिन्छ । भारतमा कार्यरत गोरखा सैनिक हाम्रो निम्ति एक किसिमले कूटनीतिक दूत हुन् । नेपाल-भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध, सैनिक कूटनीतिकका क्षेत्रमा संसारका लागि एउटा सशक्त उदाहरण बनेको छ । नेपाल- भारतबीच सैनिक सम्बन्धमात्र नभई समानखाले सामाजिक, सांस्कृतिक, धार्मिक भाषिक, भौगोलिक अवस्थाले जनस्तरमा समेत गहिरो र विशिष्ट सम्बन्ध छ ।*

भारतीय सेनाको प्राथमिकतामा ठूला तथा शक्तिशाली देश पर्ने भए पनि नेपालको विकास समृद्धि तथा नेपाली सैनिकको क्षमता अभिवृद्धिलाई भारतले उत्तिको प्राथमिकतामा राखेको छ । दक्षिण एशियाकै पुरानो संगठन नेपाली सेना अन्तर्राष्ट्रियस्तरमा जानकार, साहसिक, व्यावसायिक अनुशासित रहेको भन्ने छिमेकी भारतको बुझाइ छ । भारत हरेक किसिमले नेपाली सेनालाई सहयोग गर्न तयार रहेको देखिन्छ । प्रत्येक देशका सेनाको पहिलो कर्तव्य भनेको राष्ट्रिय तथा स्वाधीनताको संरक्षण र संवर्द्धन गर्नु हो । मुलुकको परराष्ट्र नीतिमा पनि राष्ट्रिय सुरक्षालाई सम्द्धर्बन र प्रबर्द्धन गर्ने भनेको छ भने राष्ट्रिय सुरक्षा नीतिले सैनिक कूटनीतिलाई मिल्दो रूपमा संरक्षण गर्ने भन्ने उल्लेख छ । नेपाल-भारतका फौजले सैनिक कूटनीतिका माध्यमबाट जुनसुकै समस्या र उठेका प्रश्न हल गर्न सकिन्छ भन्ने विगतका घटनाबाट पुष्टि भइसकेका छन् । नेपाल-भारतबीच सन् १९५० पछि एकअर्का देशका सैनिक प्रमुखलाई मानार्थ महारथीबाट विभूषित गर्ने परम्परालाई विश्वका अन्य कतिपय देशहरूले पनि छिमेकीबीचको असल अभ्यासको रूपमा हेर्ने गरेका छन् । छिमेकीबीचमा अटल सैनिक सम्बन्ध विस्तारमा यस्तो संस्कृतिको ठूलो भूमिका हुने गर्दछ । आपसी सहमतिमा नेपाली सेनालाई क्षमता अभिवृद्धिका लागि तालिम र भौतिक सामग्री बेग्लै विधिद्वारा उपलब्ध गराउँदै आएको छ । नेपाली सेनालाई आवश्यक पर्ने सैन्य रणकौशल, अप्रेसनल र रणनीतिक तहका व्यावसायिक तालिममध्ये राष्ट्रिय प्रतिरक्षा तालिममा भारतले उपलब्ध गराउने कोटामा नेपाललाई प्राथमिकता दिँदै आएको छ । नेपाल-भारतीय सेनाबीचको सहकार्यलाई अघि बढाउने सन्दर्भमा दुवै मुलुकबीच नियमित बैठक हुँदै आएका छन् । नियमित रूपमा एकअर्का देशमा हुँदैआएको 'अभ्यास सूर्य किरणले' पछिल्ला वर्षमा सैनिक संगठनबीचको सम्बन्ध सुदृढ तुल्याउन कोशेढुंगाको काम गरेको छ । दुवै देशका सैनिक सम्मिलित 'माउण्ट एभरेष्ट' आरोहण पनि विगतमा भएको थियो । दुई देशका सैनिकबीचको निरन्तर सम्पर्क, भ्रमणको आदानप्रदान र सहकार्यले आपसी सम्बन्धलाई थप प्रगाढ बनाउने गरेको छ । दक्षिणी छिमेकी भारतमा केहीअघि लागू गरिएको 'अगिनपथ' नामक नयाँ सैनिक भर्ना अभियानमा नेपाली युवाहरूको सहभागिता भएको छैन । अब यसले निरन्तर पाउने अपेक्षा गरिन्छ । हुन पति नेपाली युवाहरू रुस र युक्रेनको अवैध सैनिकको रूपमा काम गर्दै आफ्नो ज्यान गुमाइरहेका छन् । केही युवाको शव पनि नेपाल आउन सकेन । भारतीय सेनामा काम गर्न नेपाली गोरखाहरू त्यहाँ मान, सम्मान र समुचित तलब सुविधा प्राप्त गरिरहेका छन्, तसर्थ भारतीय सेनामा नेपाली गोरखा भर्ती अविलम्ब सुरु गरिनुपर्छ । भारतीयस्थल सेनाध्यक्षको नेपाल भ्रमणले दुई देशबीचको सम्बन्धलाई प्रगााढ नै बनाउनेछ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । |
| **वृष** : संयम रहनु होला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ । | **वृश्चिक** : अतिथिका रूपमा सम्मान पाइनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |
| **मिथुन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । लगानी गर्ने समय पनि छ । | **धनु** : प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **कर्कट** : रमणीय यात्रा फलदायी हुँदैछ। आकस्मिक धन लाभ हुनेछ । | **मकर** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : शुभ समाचार सुन्न पाइनेछ । मनोरञ्जनको क्षेत्रमा सहभागी भइनेछ। | **कुम्भ** : रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ। झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ। | **मीन** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । मित्रबाट सहयोग मिल्नेछ । |

## शिक्षा

# जापानी विदेशमन्त्रीको प्रशंसापत्र विश्वभाषा क्याम्पसका योशिहारुलाई



जापानका विदेशमन्त्रीको प्रशंसापत्र विश्वभाषा क्याम्पस, जापानी भाषा विभाग प्रमुख कामिमुरा योशिहारुलाई प्रदान गरिएको छ । नेपालका लागि जापानी राजदूत किकुता युताकाले आफ्नो निवासमा आयोजित एक समारोहमा विभागीय प्रमुख कामिमुरालाई उक्त प्रंशसापत्र प्रदान गरेका हुन् ।

विदेशमन्त्रीको प्रशंसापत्र अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्ति तथा समूहलाई जापानसँगको मैत्रीपूर्ण सम्बन्ध प्रवर्द्धनमा योगदानको कदर स्वरुप प्रदान गरिन्छ । प्रशंसापत्रले प्राप्तकर्ताहरूको गतिविधिबारे जापानी जनतामा बुझाई र समर्थन बढाउन पनि योगदान पुग्ने दूतावासले जनाएको छ ।

विभाग प्रमुख कामिमुरालाई जापानी भाषा, संस्कृति, जापान र नेपालबीचको आपसी समझदारी तथा मैत्रीपूर्ण सम्बन्धको प्रवर्द्धनमा उनको महत्त्वपूर्ण योगदानको कदर गर्दै गत अगष्ट ८ मा यो प्रशंसापत्र प्रदान गर्ने घोषणा गरिएको थियो । उनी काठमाडौंमा रहेको जापानी सहायक विद्यालयको व्यवस्थापन समितिको सदस्यको रूपमा पनि कार्यरत रहेका छन् । जसले नेपालमा रहेका जापानी बालबालिकाका लागि शैक्षिक वातावरण सुधार गर्न योगदान पुर्‍याएको छ । विभाग प्रमुखको रूपमा कामिमुराले सन् २००४ देखि आधारभूतदेखि उच्च तहसम्मका विद्यार्थीहरूलाई जापानी भाषा पढाउँदै आएका छन् । उनले क्याम्पसमा जापानी संस्कृति, इतिहास र साहित्यमा पनि अध्यापन गरेका छन् ।

त्यस अवसरमा राजदूत किकुताले जापान र नेपालबीचको मैत्रीपूर्ण सम्बन्धको प्रमाणका रूपमा कामिमुरालाई विदेशमन्त्रीको प्रशंसापत्र प्राप्त भएकामा बधाइ दिए । साथै उनले नेपालमा जापानी भाषाको प्रवर्द्धनमा कामिमुराले अझै अग्रणी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । *-रासस*

# विराटनगरमा बालविकासबारे अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

नेपाल, अमेरिका, बेलायत, मलेसिया, बङ्गलादेश लगायत १५ भन्दा बढी देशका प्राज्ञ, नीति निर्माताहरू, अनुसन्धानकर्ता र विद्यार्थीहरूको सहभागितामा मङ्सिर २१ र २२ गते विराटनगरको बिग होटलमा सम्मेलन आयोजना गर्न लागिएको पूर्वाञ्चल विश्वविद्यालयको शिक्षाशास्त्र संकायका डिन अनिल पोखरेलले जानकारी दिए । पोखरेलले यस अन्तर्राष्ट्रिय सम्मेलनमा बालविकासका क्षेत्रमा प्राज्ञिक बहस र विमर्श गराउने उद्देश्य रहेको बताए । उनले भने 'प्रारम्भिक शिक्षामा नवीनतम् विषयहरू आएका छन् । बालबालिकाको शिक्षा पाउने अधिकार, राज्यका साथै शिक्षक र अभिभावकको दायित्वको विषयमा पनि हाम्रा धारणाहरुमा पनि परिवर्तन आएको छ ।' उनले थपे 'यस परिदृश्यमा विश्वविद्यालयले बालबालिकासँग सम्बन्धित विषयलाई तत्काल सम्बोधन गर्न यो सम्मेलन महत्त्वपूर्ण हुनेछ।' विश्वविद्यालयका उपकुलपति प्राडा बिजु थपलियाले सम्मेलनमा प्रस्तुत भएका कार्यपत्र एवं कार्यशालाहरूबाट विश्वविद्यालयले भविष्यमा शिक्षाशास्त्र संकाय अन्तर्गत रहने गरी खोलिन लागेको 'Special Centre for the Study या ECD' अध्ययन-अनुसन्धान केन्द्र सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने 'बालबालिका लक्षित यस सम्मेलन हाम्रो लागि एउटा महत्त्वपूर्ण सुरुवात हो । यसले बालबालिकालाई न्याय, समता र अधिकार सुनिश्चित गर्न सघाउ पुग्नेछ ।' यस सम्मेलनले बालविकासका क्षेत्रमा नयाँ एवं बजारको आवश्यकता अनुसारका स्नातक, स्नातकोत्तर लगायतका विशेष




कार्यक्रमहरूको पहिचान गर्न र सो अनुरूप कार्यक्रमहरू थप गर्न सघाउ पुग्ने विश्वविद्यालयको विश्वास छ । सम्मेलनमा बालबालिका लक्षित नीति, विशेष आवश्यकता भएका बालबालिकाको हेरचाह, बालविकासका क्षेत्रमा आवश्यक जनशक्ति, पेशागत विकास र नैतिकता, जलवायु परिवर्तन र त्यसले बालबालिकालाई परेको प्रभाव, प्रारम्भिक बाल्यकाल विकासमा नवप्रवर्तन आदि विषयमा ४० भन्दा बढी सहभागीहरूले आफ्नो अध्ययन अनुसन्धानको प्रस्तुति, बालबालिका लक्षित विषयमा कार्यशाला एवं प्रदर्शनी गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा बेलायतबाट प्रोफेसर करेन ग्रहाम, अमेरिकाबाट इल्सा चाहिन, लोरेन वेब्राइट र क्रिष्टिन हैगेन, भारतबाट चिराश्री घोस, नेपालबाट मिनाक्षी दाहाल, मलेसियाबाट ली जेन यून र आनी शिवानाथान लगायत मुख्य वक्ताहरुले बालविकास र प्रारम्भिक शिक्षा लगायतका विषयमा मन्तव्य दिने कार्यक्रम छ । सम्मेलन आयोजनाका लागि काठमाडौं महानगरपालिका, विराटनगर महानगरपालिका, नवील बैंक, प्लान इन्टरनेशनल, सेभ द चिल्ड्रेन लगायतका विभिन्न सै संस्थाको सहयोग रहेको छ । सम्मेलन कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्यतामा मङ्सिर २१ गते उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

*-रातोपाटी डटकम*

# एआईले शिक्षामा गर्दैछ यस्तो परिवर्तन

**प्रविज्ञ रेग्मी**

केही दिनअघि शिक्षकहरूसँग कृत्रिम बौद्धिकता (एआई) ले शिक्षामा कस्तो परिवर्तन गर्दैछ र यसलाई शिक्षामा कसरी समावेश गर्ने भनेर छलफल भएको थियो । यसका प्रभाव के हुन सक्छन् भन्नेबारे विचार-विमर्श गर्दा हामी रोमाञ्चित भयौं । यो लेख यही सन्दर्भमा प्रस्तुत गरेको छु । लेखको पहिलो पाटोमा हालसम्म उपलब्ध एआई (आर्टिफिसियल इन्टेलिजेन्स) प्रविधिको चर्चा गर्नेछु र शिक्षक-विद्यार्थीका पक्ष समेट्नेछु । दोस्रोमा, अहिले विज्ञानकथा जस्तो लाग्ने तर भविष्यमा स्थापित हुन सक्ने र एआईले ल्याउन सक्ने क्रान्तिकारी परिदृश्य राख्नेछु । एआईले शिक्षालाई तीव्र गतिमा उथलपुथल गर्ने क्रम सुरू भइसकेको छ । यसको सम्भावना, साथसाथै यसले शिक्षक र विद्यार्थीहरूका लागि के परिणाम ल्याउन सक्छ भन्ने विषयमा अहिले अनेक गम्भीर बहस र प्रश्नहरू पनि खडा हुन थालेका छन् । अहिले इन्टरनेटमा एआई-सम्बर्धित शैक्षिक साइटहरू पाइन्छन् । यिनमा साधारण लेखन, किताब, कथा, निबन्ध लेखन, चित्रांकनदेखि थेसिससम्म छन् । यिनको प्रयोगले छोटो समयमा थुप्रै कामहरू सिद्ध्याउन सकिन्छ । पाठ योजना गर्न सकिन्छ । सिकाइलाई विभेदीकरण गर्नेदेखि विधिशास्त्रका रणनीतिहरूलाई संयोजन गर्न सकिन्छ ।

च्याट-बटहरूले विद्यार्थीका प्रश्नहरूको उत्तर दिन मद्दत गर्छन् । भाषा सिकाउने र गणित पढाउने जस्ता एआई उपकरणहरू विद्यार्थीको दैनिक अनुभवको हिस्सा बनिसकेका छन्। सिकाइको 'गेमिफिकेसन' क्रमश: एआईले लिन थालेको छ । एआईले एक प्रभावकारी सहयोगीका रूपमा पनि शिक्षक-विद्यार्थीसँग काम गर्न सक्छ । उदाहरणका लागि, विद्यार्थीमा आलोचनात्मक सोच विकास र बौद्धिक विकास अभिवृद्धि जस्ता पक्षहरूमा थप उपलब्धिका लागि एआई उपयोग गर्न सकिन्छ । हाल विश्वभरका शिक्षक, स्कुलहरूले एआईलाई ग्रेडिङ प्रणालीको व्यवस्थापन, उपलब्धिको तथ्यांक विश्लेषण र निर्णय, विद्यार्थीको मूल्यांकन र व्यक्तिगत सिकाइका मार्गहरू सहज बनाउन पनि प्रयोग गरिरहेका छन् । तसर्थ, हाम्रोमा पनि अबदेखि नै स्कुल र अरू शैक्षिक संस्थाहरूले एआई प्रयोगको तयारी गर्नुपर्ने टड्कारो आवश्यकता छ । शिक्षण र सिकाइलाई एआई अनुकूल बनाउन ती प्रक्रियाहरूलाई विचारशील ढंगले प्रविधिमा एकीकृत गर्नुपर्छ। यो तयारीमा आवश्यक पूर्वाधार निर्माण, एआईसँग काम गर्न शिक्षकहरूलाई तालिम र यसको प्रयोगमा शैक्षिक लक्ष्य र नैतिक मापदण्डसँग मेल खाने किसिमको आवश्यक ढाँचा अपनाउनुपर्छ । अब स्कुलहरूले शिक्षणमा शिक्षकको भूमिकालाई मात्र सीमित नगरी एआई प्रयोग गर्नुपर्छ । यसलाई ज्ञानको संकलक र विधिशास्त्रको सहयोगीका रूपमा उपयोग गर्नुपर्छ । शिक्षकहरूले एआईबाट प्रचुर फाइदा लिन सक्छन् । जस्तै, विद्यार्थीको व्यक्तिगत उपलब्धि अनुगमन गर्न सकिन्छ । एआई उपयोग गरी पाठ योजना बनाउँदा बचत भएको समय शिक्षकले विद्यार्थीहरूसँगको मानवीय पक्ष वा सामाजिक सम्बन्धको विकास निर्माणमा दिन सक्छन् । शिक्षकले एआईका सम्भावित पूर्वाग्रहहरू पनि सम्बोधन गर्न जान्नुपर्छ। यसो गरेमा, मानव अन्तर्दृष्टि प्रतिस्थापन हुँदैन र एआई प्रविधि पूरकका रूपमा स्थापित हुन्छ । एआई दुरूपयोग गर्दा शैक्षिक समस्या अझै बल्झिन सक्छ । उदाहरणका लागि, विद्यार्थीले कार्यसम्पादन गर्दा उसले गर्नुपर्ने बौद्धिक परिश्रम एआईबाट गराइयो भने, उसको बौद्धिक अभ्यास कम हुन्छ र वास्तविक उपलब्धिमा ह्रास आउने जोखिम हुन्छ । यो समस्या समाधानका लागि धेरै शैक्षिक संस्थाहरूले नीतिगत रूपमा एआई-उत्पादित बौद्धिक चोरी अनुगमन गर्न इकाइहरू पनि स्थापना गरेका छन् । तर एआईबाट उत्पन्न गरिएका कामलाई त्यही एआईका उपकरणले निस्तेज गर्दा समस्या झन् जटिल भएको छ । शिक्षक र स्कुलहरूले बौद्धिक इमानदारितालाई मानवीय मूल्यका रूपमा स्थापना गर्न सके मात्र यो समस्याको दिगो समाधान हुनेछ । यहाँ विद्यालय, शिक्षक र विद्यार्थीबीचको नैतिक धरातलले मात्रै काम गर्न सक्छ ।

एआई विद्यार्थीहरूको सिकाइलाई अभिवृद्धि गर्ने शक्तिशाली माध्यम हो। यसको प्रयोगले विद्यार्थीहरूले आफ्नो आवश्यकता, कठिनाइ स्तर र रूचिमा आधारित पाठ्य सामग्री पाउन सक्छन् । यति मात्र नभएर उनीहरूले स्पष्ट नभएका अवधारणाहरू एआईसँग अन्तर्क्रिया गरेर बुझ्न सक्छन् । एआईमा आधारित सम्बर्धित वास्तविकता (एआर) र भर्चुअल वास्तविकता (भिआर) ले अनुभवात्मक सिकाइ सहज बनाउन सक्छ ।उदाहरणका लागि, विद्यार्थीहरूले ऐतिहासिक घटनाहरूका भर्चुअल भ्रमण गर्न वा सिकाइका जटिल अवधारणाहरू यो प्रविधिमार्फत सहजै अनुभव गर्न र बुझ्न सक्छन् । यसका साथै यो प्रविधिले संघर्षशील विद्यार्थीलाई सरल तरिका र निपुण विद्यार्थीलाई चुनौतीपूर्ण सामग्री दिएर थप सक्षम बनाउन सक्छ । एआईका शिक्षण उपकरणहरू सुलभ बनाउन सकियो भने यसले शिक्षामा समानता ल्याउन सक्छ। विद्यार्थीहरूले आफ्नो सामाजिक, आर्थिक पृष्ठभूमिको आधारबिनै उच्च गुणस्तरका शैक्षिक स्रोतहरूमा पहुँच पाउनेछन् । विद्यालय, शिक्षकहरूले विद्यार्थीहरूलाई एआई एक उपकरणको रूपमा मात्र प्रयोग गर्न सिकाउनुपर्छ । उनीहरूको आवश्यक प्रयास र विचार प्रतिस्थापन हुन दिनु हुँदैन । अघि उल्लेख गरेजस्तै, यसमा अत्यधिक निर्भरता भएमा सिर्जनशीलता र आलोचनात्मक सोच निरूत्साहित गर्छ र मौलिकता नष्ट हुन्छ । त्यस्तो अवस्था आएमा हालको शैक्षिक धरातल रहने छैन । उदाहरणका लागि, इलन मस्कको विकसित हुँदै गरेको 'न्युरालिंक' लाई लिन सकिन्छ । एआई सम्बर्धित जैविक चिपलाई ब्रेन-कम्प्युटर इन्टरफेसहरूले जोड्न सकेमा भौतिक रूपमा सिकाइबिनै विद्यार्थीहरूले चाहिने सूचना वा जानकारी तत्काल पाउन सक्नेछन् । परिकल्पना गरौं, कुनै यस्तो दिन आउनेछ जहाँ विद्यार्थीहरूले ज्ञान वा कुनै सीपलाई आफ्नो मस्तिष्कमा 'अपलोड' गर्न सक्नेछन् र त्यसै अनुरूप त्यसको बोध र प्रयोग गर्न सक्नेछन् । यस्ता एआई उन्नतिहरूले शिक्षाको वर्तमान स्वरूपलाई जरैबाट उखेल्नेछन् । यस अवस्थामा स्कुलको भूमिका शिक्षा शिक्षण केन्द्रका रूपमा नभई, सामाजिक भावनात्मक विकास, नैतिक सोच र मानव केन्द्रित मूल्यहरूको विकास गर्ने स्थानमा मात्र सीमित हुन सक्छ । एआईले शिक्षामा ल्याउन सक्ने सबभन्दा क्रान्तिकारी परिवर्तनमध्ये एक हो - होलोग्राफिक शिक्षक वा पूर्ण रूपमा भर्चुअल कक्षाकोठाको उदय । एआई सम्बर्धित होलोग्राफिक वा भर्चुअल शिक्षकले विद्यार्थीसँग प्रोजेक्टरका माध्यमबाट भौतिक रूपमा उपस्थित भएजस्तै गरी अन्तक्रिया गर्न सक्नेछन् । हरेक विद्यार्थीलाई उनीहरूको व्यक्तिगत आवश्यकताका आधारमा पाठहरू विभेदित गर्न, मूल्यांकन गर्न र शैक्षिक निर्देशन, अनुदेश दिन सक्नेछन् । यसपछि पनि अलगोरिदमहरू अझ विकसित र परिष्कृत बन्ने क्रम चलिरहनेछ । यस अवस्थामा विद्यार्थीको शैक्षिक स्तरमा मात्र नभएर, उनीहरूको सिकाइ शैली, भावनात्मक अवस्था र विद्यार्थीका दिन विशेषको प्रेरणा स्तर आकलन गरी त्यस अनुसार पनि एआईले अनुदेश दिन सक्नेछ । एआई विकासको सन्दर्भलाई टेक्नोलोजिकल सिंगुलारिटी (प्राविधिक एकविन्दु) बाट अलग्याउन सकिँदैन । यो भनेको एआईको क्षमताले मानव बुद्धिलाई पार गरेको अवस्था हो । गणितज्ञ न्युम्यान र भविष्यवादी कुजविल भन्छन्, 'कुनै दिन एआईले मानव बुद्धिको तहलाई पार गर्नेछ। यस अवस्थामा एआई आफैले आफैलाई मानव नियन्त्रणबिनै द्रुत गतिमा विकसित गराउनेछ । यो अवस्थामा एआईको खुबी मानव बोधको क्षमता भन्दा कैयन गुणा बढी हुनेछ ।' एआई यतिमा मात्र सीमित हुने छैन र यसले विज्ञानमा क्वान्टम लिप (बृहत्तर उन्नति) ल्याउनेछ र अकल्पनीय प्रविधिहरू सम्भव हुनेछन् । विश्लेषकहरू भन्छन्, 'टेक्नोलोजिकल सिंगुलारिटीको यो विन्दुले मानव जातिलाई असीमित र घातांकीय गुणामा फाइदा दिनेछ। जटिलभन्दा जटिल प्रश्नको विश्लेषण र समाधान गर्न, गरिबी निवारण, रोग र संक्रमणबाट मुक्तिदेखि ब्रह्माण्ड विचरणसम्म सम्भव हुनेछ । सँगसँगै, यस्तो विकास क्रममा मानव स्वयंले आफ्ना मूल्य र नैतिक धरातल पाखा लगाएमा एआई नै मानव सभ्यताको अन्त्यको कारण हुन सक्छ ।' टेक्नोलोजिकल सिंगुलारिटी एक परिकल्पित र सैद्धान्तिक विन्दु हो । तर हालै भएका एआईका प्रगति देख्दा यो विन्दुमा पुग्न केही दशक मात्र लाग्न सक्छ । किनभने केही समयअघि मात्र स्थापित च्याट-जिपिटी अझै द्रुत र शक्तिशाली भएको छ । मौखिक अन्तरक्रिया गर्न सक्छ र अझै विकसित हुने क्रममा छ। र, मानिसले तालिम दिनुपर्ने एआईहरूलाई तालिम प्राप्त एआईहरूले नै उत्कृष्ट तालिम दिन थालिसकेका छन् । भविष्यका यस्ता उन्नतिहरू नैतिक जिम्मेवारीहरूसँगै आउँछन् । तिनलाई समयमै सही सम्बोधन गर्न नसके मानवीय मूल्य, भावना वा अन्तत्वगत्वा चेतनाको स्तरमा एआई हावी भएमा परिणती भयावह हुनसक्ने भविष्यवादीहरू बताउँछन् ।

हाम्रो पछिल्लो वंश जेन-जी इन्टरनेट र सामाजिक सन्जाल प्रयोग गर्दै हुर्कियो । अहिले उदाउँदै गरेको जेन-अल्फाले त्योभन्दा धेरै उत्कृष्ट एआई प्रविधि प्रयोग गर्नेछ । यस पक्षमा विद्यालय, शिक्षक र नीति निर्माताहरूले अबदेखि नै एआईको नैतिक सदुपयोग र मानव केन्द्रित मूल्यहरूको शिक्षा दिन पहल गर्न ढिलाइ गर्नु हुँदैन । शिक्षामा एआईको विशाल सम्भावना छ । तर एआई प्रयोगले व्यक्तिगत तथ्यांकको गोपनीयता, विद्यार्थीको स्वतन्त्रता र प्रविधिमा निर्भरता जस्ता गम्भीर चिन्ताहरूलाई बल्झिन नदिन समयमै नीतिगत सम्बोधन गर्नुपर्छ । अन्त्यमा, तीन खाँटी तथ्यहरू राख्न चाहन्छु । पहिलो, एआईलाई शिक्षाबाट हटाउन सकिँदैन र अबको शिक्षाको यो अभिन्न भाग हो । भनिएको छ – एआई शिक्षाबिनाका विद्यार्थी भविष्यमा अशिक्षित सरह हुनेछन् । दोस्रो, विद्यार्थीहरूलाई एआई प्रयोगको कुशलता प्रदान गर्ने तर एआईले विद्यार्थीलाई प्रयोग गर्ने अवस्था आउन नदिने । तेस्रो, नैतिक आधारमा एआईको सदुपयोग गर्ने र मानवीय पक्षको अक्षुण्यतामा आँच आउन नदिने । आशा छ, अहिलेका लागी यति गरे भविष्यमा एआईलाई शिक्षामा समय सापेक्ष र मानवोचित समायोजन गर्दै जान सकिन्छ ।

*-सेतोपाटी डटकम*

# सहकारी ठगी प्रकरण : रविमाथि फेरी म्याद थप



**पोखरा,** मंसिर ९/सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरमा प्रहरी हिरासतमा रहेका रास्वपाका सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धानका लागि कास्की जिल्ला अदालतले फेरी म्याद थप गरेको छ । लामिछानेलाई अझैं १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न आदालतले प्रहरीलाई अनुमति दिएको हो ।

यसअघि जिल्ला अदालत कास्कीले उनीमाथि अनुसन्धान गर्न दिएको १३ दिनको म्याद सकिएपछि आइतबार बिहान उनलाई अदालत उपस्थित गराइएको थियो । न्यायाधीश हिमलाल बेल्वासेको इजलासले लामिछानेसहित समान कसूरमा हिरासतमा रहेका चार जनालाई अनुसन्धानका लागि १५ दिनको अनुमति दिएको हो । लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका अर्का सञ्चालक पूर्वडीआईजी छविलाल जोशी, उस्तै कसूरमा पक्राउ परेका लीला पछाईं र रामबहादुर खनाललाई १५ दिन हिरासतमा राख्न म्याद थप भएको छ । लामिछानेलाई कात्तिक २ मा रास्वपाको केन्द्रीय कार्यालयबाट पक्राउ गरेर कास्की पुऱ्याइएको थियो । उनीमाथि अनुसन्धानका लागि सुरुमा ६ दिन, त्यसपछि ७ दिन, १० दिन र १३ दिन म्याद थप गरी अनुसन्धानपछि यसपल्ट थप १५ दिन म्याद थप गरिएको हो । उनलाई म्याद थप भएसँगै काठमाडौं लैजाने तयारी भएको छ । सहकारीको रकम अपचलन गरेको भन्दै लामिछानेमाथि चितवन र काठमाडौंमा समेत उजुरी परेको छ । सोही आरोपमा छविलाल जोशीलाई काठमाडौं लगेर बयान लिइसकिएको छ । सहरकारी विशेष छानबिन समितिले सहकारीको रकम अपचलन गरेको आरोपमा गोरखा मिडिया नेटवर्कका अध्यक्ष जिबी राई, तत्कालीन प्रबन्ध निर्देशक लामिछाने, सदस्य कुमार रम्तेल र सञ्चालक छविलाल जोशीलाई कारबाही गर्न सिफारिस गरेको थियो । तीमध्ये जोशीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ । सहकारीको रकम अपचलनको मुख्य योजनाकार मानिएका जिबी राई भने फरार छन् ।

# गुल्मीबाट अख्तियारमा ६० उजुरी दर्ता




**गुल्मी,** मंसिर ९ /अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल कार्यालयमा चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म जिल्लाका ६० उजुरी दर्ता भएका छन् । उजुरीमध्ये ३५ वटा फछ्र्यौट भएको र बाँकी २५ उजुरी छानविनकै क्रममा रहेको बताइएको छ ।

आयोगले जिल्लास्तरमा सरोकारवाला निकायबीच अन्तरक्रिया गरेको छ । अख्तियारले गुल्मीमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया गरेको हो । पछिल्लो समयमा स्थानीय तहमा उजुरीको सङ्ख्या बढ्दै जान थालेसँगै स्थानीय तह र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबीचको दूरी कम गर्ने उद्देश्ले गुल्मीमा जिल्लास्तरीय रुपमा उक्त कार्यक्रम गरिएको हो । कार्यक्रममा दुई नगरसहित १२ स्थानीय तहका प्रमुख तथा अध्यक्ष, उपप्रमुख तथा उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव रमेशकुमार केसीले अख्तियारले गर्ने कार्य र क्षेत्राधिकारका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय बुटवलका प्रमुख राजेन्द्रकुमार पौडेलले गुल्मी जिल्लासहित कार्यक्षेत्रभित्र रहेका आठ जिल्लाका बारेमा जानकारी गराए । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग आयोगको भूमिका, स्थानीय तहसँग सम्बन्धित भई आयोगमा पर्ने उजुरीका विषयवस्तु एवं स्थानीय तहलाई आयोगका सुझावका सम्बन्धमा कार्यपत्र प्रस्तुत गरिएको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी मुख्य रुपमा तीन किसिमका रणनीतिक उपायमार्फत भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्दै आएको छ । कार्यक्रममा सहभागीले अख्तियारसँग सम्बन्धित केही जिज्ञासासमेत राखेका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा. हरि पौडेलले पछिल्लो समयमा अख्तियारसँग डराउने भाष्य निर्माण भएको भन्दै सही नियतले काम गर्दा कसैसँग डराउन नपर्ने बताए । उनले अख्तियारमा उजुरी पर्दैमा विकास निर्माणका काम रोक्ने गरेको भन्दै त्यसो नगर्न आग्रह गरे । *-रासस*

## खेलकुद समाचार

### साविक विजेता सीटी टोटनह्यामसँग पराजित



**काठमाडौं,** मंसिर ९/इङ्गिलस प्रिमियर लिग (इपीएल) मा साविक विजेता म्यानचेस्टर सीटी टोटनह्यामसँग पराजित भएको छ । आइतबार भएको खेलमा साविक विजेता म्यानचेस्टर सीटी घरेलु मैदानमै टोटनह्यामसँग ४-० गोलले पराजित भएको हो । यस्तै गएराति नै भएको खेलमा लेस्टर सीटीलाई हराउँदै चेल्सी अङ्क तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । चेल्सीले लेस्टरलाई उसकै घरेलु मैदानमा २-१ गोलले पराजित गरेको हो । जीतसँगै चेल्सी तेस्रो स्थानमा उक्लिनुको साथै दोस्रो स्थानमा रहेको म्यानचेस्टर सीटीसँगको अङ्क दुरी घटाएको छ । म्यानचेस्टर सीटीको १२ खेलमा २३ अङ्क र चेल्सीको १२ खेलमा २२ अङ्क भएको छ । यस्तै आर्सनलले नटिंम फोरेस्टलाई ३-० गोलले पराजित गरेको छ । १२ खेलमा २२ अङ्क बनाएको आर्सनल तालिकाको चौथो स्थानमा छ । लिभरपुल शीर्ष स्थानमा कायमै छ । यस्तै इपीएलअन्तर्गत गएराति भएका खेलमा ब्राइटनले बर्नमाउथलाई २-१ गोलले पराजित गरेको छ । उल्भ्सले फुलहमलाई ४-१ गोलले हरायो । क्रिस्टल प्यालेस र एस्टन भिल्लाले २-२ गोलको बराबरी खेले । एभर्टन र ब्रेन्टफोर्डले गोलरहित बराबरी खेल्दै अङ्क बाँढेका छन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अङ्कको गिरावट



**पाल्पा,** मंसिर ९ /यो साता कारोबारको पहिलो दिन नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १३ दशमलव ३ अंकले गिरावट आएको हो ।

नेप्से घटेसँगै दुई हजार छ सय ६७ दशमलव ४० को बिन्दुमा कायम भएको छ । कुल ५५ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ८१ कम्पनीको मूल्य बढ्यो । ८ कम्पनीको मूल्य स्थिर रह्यो । सोही दिन ७६ हजार ४ सय १८ पटकको सेयर किनबेचबाट ७ अर्ब ७२ करोड ८८ लाख रुपैयाँ सेयर कारोबार भएको छ । तीन सय २२ कम्पनीको एक करोड ५२ लाख ७० हजार एक सय ९७ कित्ता शेयर ७६ हजार चार सय १८ पटक खरिदबिक्री हुँदा सात अर्ब ७२ करोड ८८ लाख ६१ हजार दुई सय ५० को कारोबार भएको हो । लगानी समूह शून्य दशमलव शून्य आठ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी विकास बैंक समूह एक दशमलव ६३ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ५४, वित्त शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ४९ र जलविद्युत् समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ । त्यसैगरी जीवन बिमा शून्य दशमलव ५५, लघुवित्त शून्य दशमलव ९४, म्युचुअल फण्ड शून्य दशमलव १२, निर्जीवन बिमा शून्य दशमलव १७, व्यापार शून्य दशमलव शून्य सात र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेका छन् । थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९१ प्रतिशतले बढेको छ । सबैभन्दा बढी घट्नेमा भने सेन्चुरी डिभेञ्चर २०८८ सात दशमलव ७५ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी रु ६० करोड ८७ लाख ३६ हजार एक सय ५२ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा डादी पावर लिमिटेडको सात लाख २० हजार आठ सय १३ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई